# कम्प्युटर शिक्षक व्यस्थापन अनुदान खर्च संचालन कार्यविधि-२०८१

कृष्णनगर नगरपालिकाबाट स्वीकृत मिति : २०८१/०१/१३

प्रस्तावना :

नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको संचालन तथा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई दिईएको छ । नगरपालिका भित्र संचालित आधारभूततह तथा माध्यमिकतहका सामुदायिक विद्यालयहरुमा अध्ययनरत बालबालिकाहरुको ज्ञान सीपमा बृद्धि एवम् शैक्षिक गुणस्तरमा सुधारका लागि नवीनतम प्रविधिद्वारा श्रव्य दृश्य सिकाई सामग्रीको प्रयोग गरी कक्षाकोठामा विद्यार्थीहरुको पठनपाठन गराउन, सूचना तथा संचार प्रविधिको प्रयोगका निम्ति सहजता ल्याउन नगरपालिका भित्रका आधारभूत तथा माध्यमिक विद्यालयहरुमा संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा विद्यालयको आफ्नै स्रोत साधनबाट कम्प्युटर ल्यावको स्थापना गरी प्रभावकारी रुपमा शिक्षण सिकाई कियाकलापको कामकाज गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम तथा कृष्णनगर नगर शिक्षा ऐन २०७९ को दफा ५२ (२) बमोजिम दिईएको अधिकार प्रयोग गरी कृष्णनगर नगरपालिकाले कम्प्युटर शिक्षक व्यवस्थापन अनुदान खर्च संचालन कार्यविधि २०८१ बनाई लागु गरेको छ ।

## परिच्छेद-१

१. संक्षिप्त नाम र प्रारम्भ :

क) यस कार्यविधिको नाम "कम्प्युटर शिक्षक व्यस्थापन अनुदान खर्च संचालन कार्यविधि २०८१" रहेको छ ।

ख) यो कार्यविधि कृष्णनगर नगरपालिका भित्र लागु हुनेछ ।

२. परिभाषा :

विषय वा प्रशंगले अर्के अर्थ नलागेमा यस कार्यविधिमा,

क) "आधारभूत विद्यालय" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठ सम्म दिने शिक्षा सम्झनुपर्छ ।

ख) "माध्यमिक विद्यालय" भन्नाले कक्षा नौ देखि कक्षा बाह्र सम्म दिने शिक्षा सम्झनुपर्छ ।

ग) "नगरपालिका" भन्नाले कृष्णनगर नगरकार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

घ) "कम्प्युटर शिक्षक" भन्नाले विद्यालयमा सूचना तथा संचार प्रविधि सम्बन्धी दैनिक कामकाज गर्नका लागि नियुक्ति पाएको व्यक्तिलाई सम्झनुपर्छ ।

ङ) "तोकिएको विद्यालय" भन्नाले कृष्णनगर नगरपालिकाले तोकेको आधारभूत र माध्यमिक विद्यालयलाई सम्झनुपर्छ ।

च) "बालबालिका" भन्नाले कृष्णनगर नगरपालिका भित्र संचालित सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सम्झनुपर्छ ।

छ) "अनुमति" भन्नाले नगरपालिकाले तोकिएको विद्यालयमा कम्प्युटर शिक्षकं व्यवस्थापन गर्न दिइएको स्वीकृतिलाई सम्झनुपर्छ ।

रजत प्रताप शाह
नगर प्रमुख

Scanned with CamScanner

## परिच्छेद-२

१. सर्तहरु : यस कार्यविधि बमोजिम निम्नानुसारका मापदण्ड र सर्तहरु लागु हुने छन्

क) एउटा बिद्यालयमा एक जना कम्प्युटर शिक्षकलाई सूचना तथा संचार प्रविधि सम्बन्धी कामकाजको लागि नियुक्ति सहित जिम्मेवारी तोकिने छ ।

ख) कम्प्युटर शिक्षकमा नियुक्त कर्मचारीले नगरपालिकाले तोकेको बिद्यालयमा हाजिर भई प्र.अ. मातहतमा कामकाज गर्नुपर्नेछ ।

ग) कम्प्युटर शिक्षकमा नियुक्त कर्मचारीले सार्वजनिक बिदा बाहेक अन्य दिनहरुमा बिद्यालय संचालन हुने समयमा उपस्थित भई बिद्यालयबाट प्राप्त भएको जिम्मेवारीको कामकाजहरु समेत गर्नुपर्नेछ ।

घ) कम्प्युटर शिक्षकको योग्यता कम्तिमा कक्षा १२ उत्तीर्ण वा सो सरहको परीक्षा उत्तीर्ण गरी बेसिक कम्प्युटर कोर्स गरेको हुनु पर्नेछ ।

ङ) कम्प्युटर शिक्षकले निम्न माध्यमिक तहको स्वयंसेवक शिक्षकको मासिक पारिश्रमिक सरहको सुबिधा पाउने छ ।

## परिच्छेद-३

१.छनौट सम्बन्धी व्यवस्था : यस कार्यविधि बमोजिम कम्प्युटर शिक्षक करारमा राख्नका लागि छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

क) कम्प्युटर शिक्षकको छनौटका लागि सम्बन्धित बिद्यालयले नगरपालिकाबाट अनुमति पाईसकेपछि कम्तीमा १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गर्नुपर्नेछ ।

ख) बिद्यालयमा पर्न आएका आवेदनहरुलाई दर्ता गरी आवेदकहरुको नामावली प्रकाशन गर्नुपर्नेछ ।

ग) आवेदकहरुलाई अनुसूची १ बमोजिमको पाठ्यक्रमको आधारमा लिखित र अन्तर्वाता परिक्षामा सहभागी हुनुपर्ने छ ।

घ) लिखित , प्रयोगात्मक र अन्तरवार्ता परीक्षामा सफल हुने आवेदकलाई तोकिएको सेवा सर्तहरु राखी नियुक्ति पत्र प्रदान गरिनेछ ।

ङ) लिखित परीक्षा १०० पूर्णाङ्कको र उत्तीर्णाङ्क ५० हुनेछ , जसमा ५० वटा वहुबैकल्पिक प्रश्नहरु सोधिनेछ र गलत उत्तर दिएमा अंक काटिनेछ ।

च) प्रयोगात्मक परीक्षा ५० पूर्णाङ्कको र उत्तीर्णाङ्क २० हुनेछ ।

च) अन्तरवार्ता अधिकतम २० अंकको हुनेछ यस अनुसार अंक प्रदान गर्दा न्युनतम ८ (आठ) र अधिकतम १४ (चौध) को सीमा भित्र रही प्रदान गर्नुपर्नेछ ।

## परिच्छेद-४

१. छनौट समिति सम्बन्धी व्यवस्था : यस कार्यविधि बमोजिम कम्प्युटर शिक्षक करारमा राख्नका लागि छनौट समिति सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ

- बिद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - संयोजक
- सम्बन्धित नगरपालिकाको शिक्षा अधिकृत वा शिक्षा शाखाको कर्मचारी - सदस्य
- शिक्षा अधिकृतले तोकेको १ जना बिषय बिज्ञ - सदस्य

Scanned with CamScanner

➢ वि.व्य.स.ले तोकेको १ जना बिषय बिज्ञ - सदस्य
➢ सम्बन्धित बिद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

रजत प्रताप शाह
नगर प्रमुख

## परिच्छेद-५

१. परीक्षाको पाठ्यक्रम

| | | | |
|---|---|---|---|
| क) कम्प्युटर शिक्षकको लिखित परीक्षा | वस्तुगत | १०० पूर्णाङ्क | उत्तीर्णाङ्क ५० |
| | प्रयोगात्मक परीक्षा | ५० पूर्णाङ्क | उत्तीर्णाङ्क २० |
| | अन्तर्वाता | २५ पूर्णाङ्क | उत्तीर्णाङ्क १० |

ख) कम्प्युटर शिक्षकको लिखित परिक्षा

| क.सं. | बिषय क्षेत्र | प्रश्नको प्रकार | पूर्णाङ्क | प्रश्न संख्या | प्रति प्रश्न अंकभार | जम्मा अंकभार | समय |
|---|---|---|---|---|---|---|---|
| १. | नेपालको संविधान, शिक्षा ऐन तथा नियमावली | वस्तुगत | २० | १० | २ | २० | |
| २. | स्थानीय तह संचालन ऐन तथा नियमावली | वस्तुगत | २० | ५ | २ | १० | |
| ३ | प्रदेश, जिल्ला तथा स्थानीय स्तरको सामान्य ज्ञान | वस्तुगत | २० | ८ | २ | १६ | |
| ४ | नेपालको भूगोल तथा समसमायिक घटनाक्रम | वस्तुगत | २० | ७ | २ | १४ | |
| ५ | कम्प्युटर सम्बन्धी बिषयगत ज्ञान | वस्तुगत | २० | २० | २ | ४० | |
| जम्मा | | | १०० | ५० | २ | १०० | ४५ मिनेट |

ग) प्रयोगात्मक परीक्षा : नेपाली र अंग्रेजीमा टाइपिङ गराइनेछ ।

घ) कम्प्युटर शिक्षकको अन्तर्वाता २५ अंक ( पूर्णाङ्क : २५ उत्तीर्णाङ्क : १० )

अन्तर्वाताका लागि छुट्टयाइएको २५ अंक देहाय बमोजिम दिइनेछ

➢ स्थायी बासिन्दा भएमा बढीमा ५ अंक दिइनेछ ।

➢ शैक्षिक योग्यता वापत सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणी भए ३ अंक , द्वितीय श्रेणी भए २ अंक र तृतीय श्रेणी भए १ अंक दिइनेछ ।

➢अन्तर्वाता वापत बढीमा १५ अंक

रजत प्रताप शाह
नगर प्रमुख

Scanned with CamScanner

तर अन्तर्वाताको अंक दिंदा कुनै उम्मेदवारलाई ७० प्रतिशत भन्दा बढी र ३५ प्रतिशत भन्दा कम अंक दिनुपर्ने भएमा त्यस्तो अंक दिनुपर्ने स्पष्ट कारण खुलाउनुपर्नेछ । अन्तर्वाता मध्येको १५ अंक दिंदा तपसीलका आधारमा दिइनेछ ।

क) परिचय : २.५ अंक ख) बिषयगत ज्ञान : ५ अंक ग) प्रस्तुतीकरण : २.५ अंक घ) सामान्य ज्ञान : ५ अंक

२. छुट अन्तर्वाता सम्बन्धी व्यवस्था : देहायको अवस्थामा अन्तर्वाता समितिले निर्णय गरी छुट अन्तर्वाता लिन सक्नेछ ।

- काबु बाहिरको परिस्थिती परेमा
- किरिया बस्नु परेमा
- सुत्केरी भएमा
- अशक्त बिरामी भएको कुरा चिकित्सकबाट प्रमाणित भएमा

३. योग्यताक्रमको आधारमा सिफारिस गरिने : समितिले लिखित र अन्तर्वातामा प्राप्त गरेको अंक जोडी हुन आउने नतिजाको आधारमा योग्यताक्रम कायम गरी उम्मेदवार सिफारिस गर्नेछ र योग्यताक्रमका आधारमा समितिको निर्णय बमोजिम आवश्यकता अनुसार वैकल्पिक उम्मेदवार कायम गर्नेछ ।

## परिच्छेद-६

१. कम्प्युटर शिक्षकको काम, कर्तव्य र अधिकार : कम्प्युटर शिक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्

- बि.व्य.स., शि.अ.स., प्रधानाध्यापक, शिक्षकहरु र बिद्यार्थीहरु सँग सुमधुर सम्बन्ध राख्ने ।
- बिद्यालयले तोकेको कामकाज इमानदारी पूर्वक सम्पादन गर्ने ।
- समयको ख्याल गरी निर्धारित घण्टीमा कम्प्युटर कक्षा संचालन गर्ने ।
- विद्यालयमा आवश्यक पर्ने सूचनाको प्रबन्ध मिलाउने ।
- बिद्यालयको शैक्षिक तथ्यांकहरु समयमा साफ्टवेयरमा अनलाईन इण्ट्री गर्ने ।
- सूचना तथा संचार प्रविधिको राम्रो व्यवस्थापन गर्ने ।
- बिद्यालयको शैक्षिक, भौतिक र आर्थिक पक्षको संरक्षण र सम्वर्द्धनमा सहयोग गर्ने ।
- प्रधानाध्यापकले जिम्मेवारी प्रदान गरी तोकेको, खटाइएको कामकाजहरु गर्ने ।
- कुनै कारणले विदा बस्नु पर्ने भएमा प्रधानाध्यापकको स्वीकृति लिएर मात्र बस्ने ।
- शिक्षा ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम अन्य कामकाजहरु गर्ने ।

Scanned with CamScanner

## परिच्छेद-७

१. उचित र पर्याप्त कारण भएमा कम्प्युटर शिक्षकलाई तपसील बमोजिम सजाय हुनेछ

क) विद्यालय सहयोगी र कार्यालय सहायकले विद्यालयमा आउने र तोकिएको काम नगरेमा निजलाई नसिहत दिन सकिनेछ ।

ख) नोकरीबाट हटाउने र बर्खास्त गर्ने : देहायको अवस्थामा विद्यालय सहयोगी र कार्यालय सहायकलाई पदबाट हटाउन वा बर्खास्त गर्न सकिनेछ

- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ।
- बारम्बार मादक पदार्थ सेवन गरी विद्यालयमा आएमा ।
- बिना सुचना लगातार १५ दिन भन्दा बढी विद्यालयमा अनुउपस्थित भएमा ।

२. सजाय दिने अधिकारी : कम्प्युटर शिक्षकलाई सजाय गर्ने अधिकारी देहाय बमोजिम हुनेछ

क) कम्प्युटर शिक्षकलाई नसिहत दिने सम्बन्धित विद्यालयको प्रधानाध्यापक

ख) नोकरीबाट हटाउने वा बर्खास्त गर्ने सम्बन्धित विद्यालय व्यवस्थापन समितिको सिफारिसमा सम्बन्धित स्थानीय तहको शिक्षा अधिकृत

३. उम्मेदवारका लागि अयोग्यता :

देहायका व्यक्तिहरु विद्यालय सहयोगी तथा कार्यालय सहायक पदमा उम्मेदवार हुनका लागि योग्य हुन सक्ने छैनन्

- गैरनेपाली नागरिक
- १८ बर्ष उमेर पूरा नपुगेको
- ४० बर्ष उमेर पूरा भएको
- मगज़ बिग्रेको
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको
- तोकिएको शैक्षिक योग्यता हासिल नगरेको

## परिच्छेद-८

विविध

१. बाधा अडकाउ फुकाउ : नगरपालिकाले यस कार्यविधि अनुसार विद्यालय सहयोगी तथा कार्यालय सहायक सम्बन्धि थप व्यवस्थाका लागि यस कार्यविधिमा संसोधन गर्न आवश्यक ठानेमा नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, र शिक्षा नियमावलीले दिएको अधिकारको परिधि भित्र रही यस कार्यविधिमा संशोधन गर्न सक्नेछ ।

रजत प्रताप शाह
नगर प्रमुख

Scanned with CamScanner

२. खारेजी र बचाउ :

क) यो कार्यविधि नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन बमोजिम बनाइएको अन्तरिम व्यवस्था हो ।

ख) यस कार्यविधि लागू हुनुभन्दा पहिले भए गरेको काम कारवाही यस कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

ग) यस कार्यविधिमा उल्लेखित बिषयमा दुबिधा भएमा नगर शिक्षा समितिले स्पष्ट पारी निर्णय गर्नेछ ।

Scanned with CamScanner

## अनुसूची-१

### कम्प्युटर शिक्षक छनौट परीक्षा पाठ्यक्रम-२०[illegible]

**१. नेपालको संविधान, शिक्षा ऐन तथा नियमावली   २० अंक**

१.१ नेपालको संविधान   - ( जारी मिति , धारा ,भाग अनुसूची)

१.२ शिक्षा ऐन   - वि.व्य.स. र शि.अ.सं. को गठन (कृष्णनगर नगरपालिकाको शिक्षा ऐन बमोजिम)

१.३ शिक्षा नियमावली २०५९  - (शिक्षकको सेवा , शर्त र सुविधा)

**२. स्थानीय तह संचालन ऐन तथा नियमावली  १० अंक**

२.१ स्थानीय सरकार संचालन ऐन २०७४ -  (जारीमिति, उद्धेश्य, शिक्षा सम्बन्धी अधिकारहरु)

**३. प्रदेश, जिल्ला तथा स्थानीय स्तरको सामान्य ज्ञान १६ अंक**

३.१ स्थानीय तह , जिल्ला र प्रदेश विवरण

३.२ स्थानीय तह , जिल्ला र प्रदेशका नदी , ताल, झरना, राष्ट्रिय निकुञ्ज

**४. नेपालको भूगोल तथा समसामयिक घटनाक्रम सम्बन्धी जानकारी   १४ अंक**

४.१ नेपालको सामाजिक प्रथा , परम्परा, मूल्य र मान्यता एवं समसामयिक घटना

**५. कम्प्युटर सम्बन्धी विषयगत ज्ञान  ४० अंक**

५.१ कम्प्युटर , ईमेल, इण्टरनेट, वेभसाईट, हार्डवेयर , साफ्टवेयर तथा विषयगत सम्बन्धी ज्ञान

रजत प्रताप शाह
नगर प्रमुख

## अनुसूची-३

### नियुक्ति पत्रको ढांचा

मिति :

बिषय : नियुक्ति पत्र

श्री ................................

प्रस्तुत बिषयमा यस ...........बिद्यालयको मितिं ................... गतेको कम्प्युटर शिक्षक छनौट परीक्षा समितिको सिफारिसको आधारमा बिद्यालय व्यवस्थापन समितिको मिति ............ गतेको निर्णयानुसार तपाईंलाई .................... पदमा करारमा नियुक्ति गरिएको र तोकिएको बिद्यालयमा हाजिरी भई कामकाज शुरु गरेको मिति देखि नगरपालिकाको अनुदान बमोजिमको तलब भत्ता खान पाउने गरी कार्यविधि र शिक्षा ऐन तथा नियमावलीको परिधिमा रही कामकाज गर्ने गरी यो नियुक्ति पत्र प्रदान गरिएको छ । साथै बिद्यालयको प्रधानाध्यापकको मातहतमा रही कामकाज गर्नुहोला ।

बिद्यालय सेवामा प्रवेश गर्नुभएकोमा हार्दिक बधाई

........................

रजत प्रताप शाह
नगर प्रमुख

Scanned with CamScanner